नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ

Website: piukhotang.pmamp.gov.np
Email: pmamp.piu.khotang1@gmail.com
Phone: 036-420741

# कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

**सूचना नं.-३/सूचना प्रकाशित मिति: २०८२/०८/१६**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन अर्थात २०८२/०९/०७ गते कार्यालय समय भित्र कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव Online दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिलः**

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | खोटाङ र उदयपुर जिल्ला | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा ५० प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- कार्यक्रम सञ्चालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको आवेदन तथा प्रस्ताव (आवेदन तथा प्रस्ताको फर्मेट यस एकाइको *website: piukhotang.pmamp.gov.np/format* बाट प्राप्त गर्न सकिनेछ) ।
- निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपी, गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपी, कारोबार सम्बन्धि अन्य कागजातहरु ।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजात (जग्गाधनी प्रमाणपत्र)को प्रतिलिपी वा जग्गा भाडामा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माण तर्फ कम्तिमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपी ।
- समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिश पत्र ।

**नोटः** अनुसूची-२ अनुसारको आवेदन तथा अनुसूची-३ अनुसारको कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्तावको ढाँचा माथि उल्लेखित *website* बाट डाउनलोड (Download) गरी रीतपूर्वक भरेर सूचनामा उल्लेख भएका अन्य कागजातहरुका साथ यस एकाइको website: *piukhotang.pmamp.gov.np/node/add/ag_liv_ent_dev_prgm_proposal* मा Online निवेदन तथा प्रस्ताव दर्ता गर्न सकिनेछ । निवेदन तथा प्रस्ताव Online भर्न वा दर्ता गर्न थप सहयोग आवश्यक भएमा कार्यक्रम कार्यान्वयन एकाइ, दिक्तेल, खोटाङ वा जोन प्राविधिक एकाइ, गाईघाट, उदयपुर वा कृषि अधिकृत श्री कृष्ण यादव सम्पर्क नं. ९८६१३६०३८१ मा सम्पर्क गर्न सकिनेछ ।